# हिंङ्दाहिंङ्दै

(गीतिकवितासङ्ग्रह)

विष्णुप्रसाद पन्त

प्रकाशक : श्रद्धा पन्त
चार्बाहिल, काठमाडौं
लेखक : विष्णुप्रसाद पन्त
संस्करण : पहिलो २०६३
मूल्य : रु० ७५।-
कम्प्युटर : स्केच कम्प्युटर, ललितपुर
मुद्रक :

Hindahindai (*A Collection of Lirical poems*)
ISBN 99946-978-5-4

# 'हिँड्दाहिँड्दै' लाई शुभेच्छा

'हिँड्दाहिँड्दै' विष्णुप्रसाद पन्तजीका गीत-कविताको सङ्ग्रह हो। यसअघि उनको 'सम्झनाका झुल्कामा' (२०६१) कवितासङ्ग्रह निस्किसकेको छ र त्यसमा पनि मेरो मन्तव्य छ।

'हिँड्दाहिँड्दै' मा यथानाम तथा गुण हिँड्दाहिँड्दै नै र हिँड्न खोज्दाखोज्दै नै रचिएका गीत-कविताहरू सङ्कलित छन्। विशेषतः यसमा गीतिरचनाहरूकै सङ्ख्या बेसी छ। पन्तजीका गीत-कवितामा निजी अनुभूतिमा गुनगुनाइएका शब्द र स्वर छन्। तिनले उनको भावी सृजनाको रेखाङ्कन गरेको स्पष्ट हुन्छ। नथाकीकन लागेमा साहित्ययात्रा निश्चय नै लक्ष्यमा पुग्न सक्छ। उदीयमान पन्तका प्रतिभाको प्रयासप्रति मेरो हार्दिक शुभेच्छा छ।

सानेपा, ललितपुर
२०६३ असार ३२

कृष्णप्रसाद पराजुली

# 'हिँड्दाहिँड्दै' बाट चियाउँदा

नेपाली साहित्यमा कविप्रतिभाका रूपमा विष्णुप्रसाद पन्त (जन्म : २००७ काभ्रे, हाल : चाबहिल, काठमाडौं) परिचित हुनुहुन्छ। उहाँको पहिलो कवितासङ्ग्रह 'सम्झनाका झुल्कामा' (२०६०) प्रकाशित भएदेखि नै मैले उहाँलाई कविका रूपमा चिनेको हुँ। यसभन्दा पहिले विष्णुप्रसाद पन्तको 'बजारशास्त्रको सिद्धान्त' (२०४६, शीर्षक कृति प्रकाशित भइसकेको थियो। साहित्यजगत्मा भने 'सम्झनाका झुल्कामा' कवितासङ्ग्रहबाट उहाँको आगमन भएको हो। 'सम्झनाका झुल्कामा' कृतिको लोकार्पण भएको अवसर (२०६० चैत्र ५) मा मैले कवि पन्तकै मुखबाट आफ्ना लयात्मक कविता वाचन भएको सुन्ने अवसर पाएको थिएँ। त्यस बखत उहाँका लोकलय र शास्त्रीय छन्दमा रचिएका कविताहरुले मलाई प्रभावित तुल्याएका थिए। आफ्ना कविताहरूलाई मनभित्रका भावनाको लयात्मक स्वस्फूर्त प्रकटीकरण मान्ने कवि पन्तको साहित्यसिर्जना सुस्ताएको रहेनछ, सिर्जनपरम्परा कायमै रहेछ। त्यसपछि पनि निकै गीतहरू गुनगुनाइएछन्, थुप्रै कविताहरू रचिएछन्। तिनमध्येका कतिपय कविताको सङ्कलनका रूपमा अहिले विष्णुप्रसाद पन्तको कवितामार्फतको दोस्रो कवितासङ्ग्रह 'हिँड्दाहिँड्दै' शीर्षकमा प्रकाशित भएको छ।

त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा एम० ए० र कानुनमा बी० एल० गरेपछि विष्णुप्रसाद पन्तले कतिपय शिक्षण-संस्थाको संस्थापन र अध्यक्षताका साथै शिक्षणकार्यसमेत गर्दै आउनुभएको छ।

स्थापनाकाल (२०३७) देखि नै पशुपति बहुमुखी क्याम्पस, चाबहिलमा सहायक क्याम्पस प्रमुखका रूपमा रहेर उहाँले प्राध्यापन तथा प्रशासनिक कार्यसमेत सम्हाल्दै रहनुभएको छ। शिक्षण र प्रशासनका व्यस्त समयचापका बीच पनि समय निकालेर कवि पन्तले गीत लेख्नुभयो, कविता रच्नुभयो र अन्तर्मुखी भएर हृदयका कोमल संवेदनालाई कवितामा मुखरित गर्नुभयो। त्यही सृजनशीलताको कोसेलीका रूपमा अहिले २०६३ मा 'हिँड्दाहिँड्दै' कवितासङ्ग्रह देखा परेको छ।

प्रकाशनका क्रममा प्रस्तुत कवितासङ्ग्रहबारे मन्तव्य लेखिदिन कवि पन्तले मलाई आग्रह गर्नुभएको हो। उहाँका गीत र कविताको आस्वाद पाइसकेको हुनाले पनि यो आग्रह टार्न सकिनँ। एक दिन उहाँकै क्याम्पसका सहकर्मी कवि विष्णु के० सी० ले उक्त कवितासङ्ग्रहको पाण्डुलिपि कम्प्युटर कापीका रूपमा मलाई उपलब्ध गराउनुभयो र आठ-दस दिनभित्र कृतिबारे केही शब्द लेखिदिने भन्ने कवि पन्तको इच्छालाई समेत दोहोऱ्याउनुभयो। यथाशक्य छिटो काम गर्ने आश्वासन दिएर मैले पनि पाण्डुलिपिको अध्ययन मनोयोगपूर्वक गर्न थालेँ। गीत निकै रहेछन्, कविताहरू पनि छन्। गीत र कविताको सँगालोका रूपमा यो सङ्ग्रह प्रस्तुत भएको छ।

'हिँड्दाहिँड्दै' कवितासङ्ग्रहमा जम्मा ४५ कविता सङ्कलित छन्। अधिकांश कविता लोकलय अँगालेर गीतको ढाँचामा रचिएका छन् भने केही कविता मात्र शास्त्रीय छन्दमा लेखिएका छन्। यहाँ सङ्गृहित कविताहरूमध्ये दुई कविता मात्र शास्त्रीय छन्दमा देखिए। ती हुन्–'दूध र घिउ' तथा 'पर्खे धेरै दिन'। 'दूध र घिउ' कविता अनुष्टुप् छन्दमा छ भने 'पर्खे धेरै दिन' कविताचाहिँ मन्दाक्रान्ता छन्दमा रचिएको छ। 'तिमी' कवितामा भुजङ्गप्रयात छन्दको छाया पाइए पनि यो कविता लोकभाकाकै नजिकको रचना हो। बाँकी सम्पूर्ण कविता लोकलयका विभिन्न ढाँचामा रचिएका छन्। त्यसैले समग्रमा यो कवितासङ्ग्रह गीतिकविताहरूको सँगालोका रूपमा देखा परेको छ। यहाँ 'मुनामदन' को भ्याउरे लयका साथै अन्य विविध लोकभाकामा

कविताहरू सङ्गृहीत छन्। गीतको प्रकृतिअनुकूल यहाँ प्रेम-प्रणयका मधु मिलनदेखि लिएर वियोग-विरहका कटु वेदनाहरू पनि अङ्कित छन्। यसका साथै देशप्रेम, सामाजिक विकृति, पारिवारिक समस्या, चेलीका विरह-व्यथा र कटुमधु परिवेशजस्ता पक्षहरूलाई समेत यस सङ्ग्रहले प्रस्तुत गरेको छ।

कवि विष्णुप्रसाद पन्तले सङ्ग्रहभित्रकै एउटा कविताको शीर्षकलाई लिएर पूरै कृतिको नाम राख्नुभएको छ–'हिँड्दाहिँड्दै'। यसले 'चरैवेति' भन्ने उपनिषद् वाक्यको सम्झना दिलाउँछ। वास्तवमा जीवन यात्रामय छ र हिँडाइ नै जीवन पनि हो। चौधअक्षरे लोकलयमा कविले जीवनयात्रालाई यसरी चित्रण गर्नुभएको छ–

*लामै बाटो हिँडिसकेँ कति होला बाँकी*
*सँगै हिँड्ने थाकिसके कति खोज्नु साथी!*
(हिँड्दाहिँड्दै)

प्रस्तुत सङ्ग्रहको पहिलो कविता 'ढोका खोलिनौ' देखि अन्तिम 'आज के भयो ?' कवितासम्मका ४५ कविताले लयगत विविधताका साथै भावविम्बका विभिन्न झिल्कालाई प्रस्तुत गरेका छन्। धेरैजसो कवितामा गीतिलयको सुमधुर झङ्कार र अनुभूतिका तीव्र ज्वार पनि भेटिन्छन्। भाव र भाषामा सन्तुलन छ, अभिव्यक्ति र प्रस्तुतिमा मिठास छ अनि श्रुतिमाधुर्य र भावसौन्दर्यको संयोजन छ। उदाहरणार्थ केही पङ्क्तिहरू हेरौँ–

*आधा रात बितिसक्यो ढोका खोलिनौ*
*माया गरी बोलाएँथेँ किन बोलिनौ!*

*कस्तो चित्त दुखाएछु तिमीलाई मैले*
*यतिसम्म होला भन्ने सोचिनछु पैले*

*सधैँभरि माया गरी गाँस दिने तिमी*
*मेरो मुटु चल्नलाई सास दिने तिमी*

*आज किन जूनजस्तो भई खुलिनौ*
*आधा रात* बितिसक्यो *ढोका खोलिनौ*
(ढोका खोलिनौ)

यस गीतिकवितामा ध्रुवपदमा तेऱ्हअक्षरे लोकलयको संयोजन छ भने अन्तरामा चौध अक्षरे लोकलय पाइन्छ। अनुप्रासको छटा र उपमाको भावसौन्दर्यले कवितालाई तिक्खर बनाएका छन्।

प्रस्तुत सङ्ग्रहमा समाजको युगीन छटपटी र वेदनाको चित्रणका साथै समाजसुधारतर्फ पनि कविको दृष्टि पुगेको प्रतीत हुन्छ। खेती गरेर छ महिनालाई पनि हातमुख जोर्न धौधौ पर्ने अधिकांश नेपाली ग्रामीण जनताको पीडालाई यसरी अङ्कित गरिएको छ–

*वर्षभरि खट्दा पनि छ महिनालाई ठिक्क*
*जे गरे नि नहुँदा त लाग्छ साह्रै दिक्क*
*छोराछोरी धेरै बढे, खेत बढेको छैन*
*घरको दुःख देख्दाखेरि मन अडेको छैन*
(हातभरि ठेला उठे)

यसै गरी गाउँघरको बाध्यतालाई कविताले अरू मार्मिक रूपमा यसरी प्रस्तुत गरेको छ–

*डोको-नाम्लो घाँस-स्याउला गर्दै कति बस्ने ?*
*वर्षैभरि पेट भोकै घुँडा कति धस्ने ?*
*सबै मिली साझा दुःख अन्त्य गर्नै पर्छ*
*सबको लागि साझा बत्ती आज बाल्नै पर्छ*
(केको लागि बाँझ)

नेपाली समाजले भोग्नुपरेको अशान्त वातावरण र द्वन्द्वको पीडाले कविको मन अत्तालिएको छ। जसरी भए पनि शान्ति बहाल हुनुपर्छ र आम नेपालीले सुख र सन्तोषको साथ बाँच्न पाउनुपर्छ भन्ने कवि पन्तको भावना पनि छ। महत्त्वपूर्ण प्राप्तिका लागि केही त्याग गर्नुपरे पनि सम्झौतामा पुग्नुपर्छ भन्ने कविको अभिप्राय यहाँ निम्नलिखित अनुसार मुखरित भएको छ–

*आज कतै केही छैन शून्य भयो गाउँ*
*मेरा साथीसँगिनीलाई खोज्न कता जाऊँ*
*गोठाला ती कता गए चौतारा छ खाली*
*बगैँचामा सिस्नु उम्रे कहाँ गए माली !*
(आफ्नै आँगनभरि)

*जिन्दगीमा सबै इच्छा पूरा कैल्यै हुनन*
*सबै इच्छा पूरा गर्न खोज्न पनि हुन्न*
*सम्झौतामा बस्नैपर्छ नत्र केही हुन्न*
*सम्झौतालाई आफैँबाट तोड्न पनि हुन्न*
(जिन्दगीमा)

'हिँड्दाहिँड्दै' सङ्ग्रहका धेरैजसो कवितामा गीत र कविताको राम्रो समन्वय भएको छ। विविध भाकामा गुनगुनाउन मिल्ने, साथै सङ्गीत भरेर गाउन पनि सकिने यी रचनाहरू स्वयंमा गीत हुँदै हुन्; भावबिम्ब र अर्थगत चमत्कारले गर्दा कविता पनि हुन्। गीतका लागि चाहिने तुकान्त मिठास, अनुप्रासीयता र पदमैत्री पङ्क्ति-पङ्क्तिमा छन् र यिनले लोकभाकालाई उजिल्याएका छन्। उदाहरणार्थ केही पङ्क्तिहरू हुन्–

*सिसासामु सेतो देख्न सेतै लाउनुपर्छ*
*आफूजस्तै अर्को पाउन आफैं बन्नुपर्छ*

*पानी बन्न चाहनेले पग्लिनु नै पर्छ*
*आकाश छुन चाहनेले अग्लिनु नै पर्छ*
(खोला वारिपारि)

*सङ्लो बग्ने नदी पनि धमिलिन थाले*
*गीत गाई उड्ने चरी आज उड्न छाडे*
*वायुमण्डल दूषित भयो धूलो-धूँवा उडी*
*शिरमा फुल्ने लालीगुराँस कसले लग्यो चुँडी !*
(आज के भयो ?)

शास्त्रीय छन्दका कवितामा पनि लयगत मिठासको अनुभूतिमा कुनै कमी आएको छैन । जस्तै–

*पर्खें धेरै दिनहरु यता साँझ धेरै सजाएँ*
*तारा गन्दै गगननजिकै रात धेरै बिताएँ*
*लामा-लामा दिनहरु भए रात उस्तै छ लामो*
*न्याना-न्याना दिनहरु ढले रात बढ्दै छ जाडो*
(पर्खें धेरै दिन)

यी कतिपय उद्धरणहरू नमुनाका रूपमा लिइएका हुन् । अन्य कवितांशहरू पनि त्यत्तिकै उल्लेख्य छन् । कवि विष्णुप्रसाद पन्तले दोस्रो कविता सङ्ग्रहसम्म आइपुग्दा लयमा र अनुभुतिमा राम्रै प्रगति आत्मसात् गर्नुभएको छ । परिवार- समाजका व्यथा-वेदना, समाजका उज्याला-अँध्यारा पाटाहरू, मायाप्रीतिका मिलन र बिछोडका संवेदनाहरू तथा देशभक्ति र राष्ट्रियताका सङ्ला अभिव्यक्तिले यी कविताहरू सजिएका छन् । नेपाली साहित्यमा कवि पन्तको ऊर्ध्वगामी यात्रा अरू पुष्पित-पल्लवित हुँदै जाओस् । हार्दिक शुभकामना ।

ज्ञानेश्वर, काठमाडौं
२०६३ असार ३२

**गोपीकृष्ण शर्मा**
*प्राध्यापक*

# आफ्ना कुरा

मानिसभित्र विभिन्न तरङ्ग वेलावेलामा सलवलाइरहन्छन्। मानिसले ती तरङ्गहरूलाई कुनै माध्यमवाट व्यक्त गर्न खोज्दछ। कसैले व्यक्त गर्न सक्छन् भने कोही त्यसलाई भित्रै गुम्स्याएर राख्न वाध्य हुन्छन्। यिनै तरङ्ग वा भावनाहरूलाई व्यक्त गर्ने प्रयासस्वरूप गीत र कविताका रूपमा केही पङ्क्ति निस्कने क्रम ममा विद्यार्थी अवस्थादेखि नै सुरु भएको हो। मेला, पर्व, र उत्सवहरूमा गीत, भजन आदि गाउने गर्दथैं र कविता-प्रतियोगिताहरूमा सहभागी पनि हुन्थैं। विभिन्न परिस्थिति र मोड पार गर्दै कवितालेखन र प्रकाशनकार्यलाई निरन्तरता दिँदै आजको अवस्थासम्म हिँड्दै छु।

भाषा अनि छन्दको कम ज्ञान भएको सिकारु कलमले लेख्ने प्रयास गरिएका गीत र कविताहरू पढ्दा पाठकहरूमा कस्तो अनुभूति हुन्छ– त्यसवारे म केही भन्न सक्दिनँ, तर यी गीत र कविताहरू लेख्दा मेरो मनको भावना र तरङ्गहरू भने आंशिक रूपमा व्यक्त भएका छन्। आफ्ना मनका भावनालाई सँगालेर पुस्तकका रूपमा पाठकसमक्ष प्रस्तुत गर्न पाउँदा मनको वोझ केही हलुका भएजस्तो लागेको छ। पाठकहरूले या पुस्तक पढेर विभिन्न प्रकारका स्वाद लिन सक्नुहुन्छ। समाजमा घटिरहेका घटनाहरू विसङ्गति र अनुभवहरूलाई छुँदै निस्केका झिल्काहरूको रूपमा प्रस्तुत कविता र गीतहरूको सङ्ग्रह 'हिँड्दाहिँड्दै'

ले केही सकारात्मक सन्देश दिन सके आफ्नो प्रयास सफल भएको ठान्नेछु ।

श्रद्धेय गुरु कविवर श्री कृष्णप्रसाद पराजुलीले आफ्ना अस्वस्थताका दोसाँधमा पनि मेरा कविता सुनेर, पढेर मलाई उत्साहित पार्नुका साथै परिमार्जनका निम्ति निर्देशनसमेत दिनुभएको छ। अत: उहाँप्रति म चिर ऋणी छु र उहाँको गुन हृदयमा साँच्दै म हार्दिक कृतज्ञता चढाउँछु। त्यस्तै अध्ययनपूर्ण मन्तव्य लेखी पुस्तकको महत्त्व बढाइदिनुहुने वरिष्ठ साहित्यकार-समालोचक प्रा० गोपीकृष्ण शर्माप्रति आभारी छु। साहित्यकार तथा मेरा शिष्य विष्णु के० सी० ले मलाई विभिन्न रूपमा पुऱ्याएको सहयोग म बिर्सन सक्तिनँ। मेरा भाइ चन्द्रप्रसाद पन्तबाट पनि सहयोग प्राप्त भएको छ। त्यसका निम्ति उनीहरू दुवै धन्यवादका पात्र छन् । मेरा अन्य मित्रहरू जसले मलाई विभिन्न क्षेत्रबाट यो पुस्तक तयार गर्न सहयोग पुऱ्याउनुभयो उहाँहरूप्रति पनि आभार प्रकट गर्दछु ।

अन्त्यमा यो पुस्तक पढ्ने महानुभावहरूबाट यथोचित सुझावका साथै माया पाउने आशाले प्रस्तुत कोसेली तपाईंहरूमाझ विनम्रतासाथ अर्पण गर्दछु ।

चाबहिल, काठमाडौं
२०६३ असार ३१

**विष्णुप्रसाद पन्त**

# विषयसूची


| | |
|---|---|
| ढोका खोलिनौ | १७ |
| आँसु पोखी | १८ |
| राखेको थिएँ | १९ |
| सन्चो छैन | २० |
| लुगा जति लाए पनि | २१ |
| बाटो छेकेर बस्यौ | २२ |
| सबैको घरमा | २३ |
| यो जिन्दगानी | २४ |
| बाँचुन्जेल पनि | २५ |
| आँसुको थोपा नझार | २६ |
| भूल गरेको भए | २७ |
| आकाशै बोकिन्छ | २८ |
| हातभरि ठेला उठे | २९ |
| बुझ्नै सकिनँ | ३० |
| सकेसम्म | ३१ |
| धर्ती जति जोडे पनि | ३२ |
| तल झरिसक्यौ | ३४ |
| केको लागि बोझ | ३५ |
| सम्झे सबै आफ्नै | ३६ |
| जति माया गरे पनि | ३८ |
| सँगै हिंड्ने साथीहरू | ३९ |

आजभोलि हाम्री आमा ४०
आमालाई सुखी राखौँ ४१
पाउन सकिन्न ४२
यस्तो लाग्यो ४३
हिँड्दाहिँड्दै ४४
गुराँसको फूल शिरमा स्यूरी ४५
आफ्नै खुट्टा नटेकिए ४७
छोरीको बह ४८
वर्षाको भेल ५०
दूध र घिउ ५१
आज रित्तिएछु ५३
पारि जान सकिएन ५४
चोट लागेपछि ५५
आफ्नै आँगनभरि ५७
यस्तो हुँदा ५९
भन्नैं पर्दो रै'छ ६०
कसको आँखा राम्रो भनूँ ६१
जिन्दगीमा ६२
तिमी ६३
पर्खें धेरै दिन ६५
राम्रो ६७
खोलावारिपारि ६९
कोही बस्छन् ७०
आज के भयो ! ७१

# हिँङ्दाहिँङ्दै

## कवितासङ्ग्रह

# ढोका खोलिनौ

आधा रात बितिसक्यो ढोका खोलिनौ
माया गरी बोलाएथें किन बोलिनौ ?

कस्तो चित्त दुखाएछु तिमीलाई मैले
यतिसम्म होला भन्ने सोचिनछु पैले
सधैंभरि माया गरी गाँस दिने तिमी
मेरो मुटु चल्नलाई सास दिने तिमी
आज किन जूनजस्तो भई खुलिनौ
आधा रात बितिसक्यो ढोका खोलिनौ

कुनै गल्ती भएजस्तो मनमा मेरो छैन
जानी जानी कुनै गल्ती गऱ्या पनि छैन
कुन पापीले बनावटी कुरा भरिदियो
तिमीसँग चित्त दुख्ने कुरा गरिदियो
सबै कुरा बुझे पनि रिस भुलिनौ
आधा रात बितिसक्यो ढोका खोलिनौ

■■

# आँसु पोखी

आँसु पोखी मनका कुरा सबै भनिदेऊ
आज राति भनुँला म तिमी सुनिदेऊ

भोलि उठी जानुपर्‍रे
कतै हिँडिदिउँला
तिम्रो मनको बोझ पनि
साथै बोकी लिउँला

तिम्रो सामु फेरि कैल्यै
फर्की आउनेछैन
जिन्दगीमा कसैसँग
माया लाउनेछैन

# राखेको थिएँ

राखेको थिएँ अमूल्य वस्तु कोठामा थुनेर
बाँधेको थिएँ डोरीले पोको बच्नछ भनेर

कीराले काटी दिएको भए
के गर्ने होला खै
नखोलेसम्म देखिन्न केही
के गरी खोल्ने खै !

आशाको दियो बालेर बसेँ
खुल्नेछ भनेर
छवटै ऋतु पर्खेर बसेँ
दिनदिन गनेर

लाग्दैन मन किन हो किन
त्यो ढाका खोल्नलाई
इरादा छुट्यो बेइमानीसँग
खुलेर बोल्नलाई ।

■■

# सन्चो छैन

सन्चो छैन किन किन मलाई आजभोलि
दिनको दिनै खानुपर्छ औषधीका गोली
पेट खाली राख्नै हुन्न टाउको दुख्न थाल्छ
यताउति हेर्‍यो भने रिंगटा नै लाग्छ

साथीसँगै बस्दा पनि एक्लै जस्तो लाग्छ
यसै पनि भित्रभित्र मुटु दुख्न थाल्छ
आफ्नै घरमा बस्दा पनि अर्कैजस्तो हुन्छ
मन राएको देखाउँदा कस्तो-कस्तो बन्छ

पल्लो घरमा कुकुर भुक्ता मुटु हल्लिदिन्छ
धेरै हल्ला सुन्नै हुन्न बेथा बल्झिदिन्छ
सन्चो हुँदा सबै कुरा राम्रै जस्ता हुन्छ
बिसन्चोमा सबै कुरा नराम्रोझैं बन्छ

■■

# लुगा जति लाए पनि

लुगा जति लाए पनि जाडै जस्तो लाग्यो
मनमा उठ्ने रहर पनि त्यसै टाढा भाग्यो

रातमा निद्रा नलाग्ने भो अबेरसम्म पनि
कौसीमा गई एक्लै बस्छु तारा गनीगनी

जसको कुरा सुन्दा पनि ठीकै जस्तो मान्ने
आफ्नो व्यथा ठीकै हुन्न केलाई राम्रो ठान्ने !

कस्तो रोग लाग्यो कुन्नि निकै हुन्न जस्तो
संसारमा बाँच्नै पनि गाह्रै पर्लाजस्तो

■■

# बाटो छेकेर बस्यौ

कसरी बाटो छेकेर बस्यौ म चल्नै सक्तिनँ
कसरी आँसु बोकेर बस्यौ म हेर्नै सक्तिनँ
कलिलो मुहार भरिलो भयो लालीमा चढेभैँ
उठेका पाउ भुइँमै बसे चुम्बकले टाँसेभैँ

नछेक बाटो यसरी मेरो जानु छ टाढा नै
नलेऊ पीर यसरी तिमी फर्केर आउँला नै
विदेश गई कमाई केही बोकेर ल्याउनेछु
हँसिलो तिम्रो मुहार हेरी हाँसेर गाउनेछु

सधैँको दुःख भोलेर हामी कसरी बाँचौँला
सबैको घृणा सहेर हामी कसरी हाँसौँला
प्रतीक्षा गर्दा धेरै दिन बिते रातभैँ भएर
हाडमा छाला टाँसिन थाले वेदना सहेर !

■■

# सबैको घरमा

सबैको घरमा उज्यालो देख्छु देख्दिनँ आफ्नोमा
सबैको मुहार हँसिलो देख्छु देख्दिनँ आफ्नोमा

आजको दिन नछेक बाटो साइत बित्नेछ
निस्कन ढिलो भएमा मेरो गाडी नै छुट्नेछ
प्रतिज्ञा गर्छु छिटै नै आउने तिमीलाई छोएर
हाँसेर बस्नू तस्बिर हेरी नबस्नू रोएर

परेको दुःख मनैमा राख्नू नसुनून् कसैले
झरेको आँसु छोपेर राख्नू नदेखून् कसैले
सकेको खेती गरेर राख नसके बाँझै होस्
गाउँ र बेसी नगरे धेरै शरीर ताजै होस्

सम्हाली राख त्यो मनलाई हाँसेर बिदा देऊ
भोलिको दिन आउने कुरा आज नै सम्झिदेऊ
बिछोड हाम्रो मिलनको लागि भएको सम्झेर
आँसुलाई पुछी भएर खुसी बस है पर्खेर

■■

# यो जिन्दगानी

नदीको पानी यो जिन्दगानी कहाँ पुगी अड्ने हो
बलौटे बाँभो छेडेर बग्दै बाटैमा सुक्ने भो

कहिले छाँगो भएर भऱ्यो पहाडको शिरबाट
कहिले लड्दै बगेर सऱ्यो चटचाडको भीरबाट
पहाडको फेदी भएर घुम्दै कहिले रमाउँछु
कहिलेकाहीँ दबेर भित्रै आफैँमा हराउँछु

अरूको लागि गरेर सेवा जिन्दगी बिताउँछु
कहिलेकाहीँ भएर भेल आफैँमा रिसाउँछु
वर्षाको बाढी भएर पनि बग्नु नै पर्दछ
सँगैको वस्तु लिएर माथि चढ्नु नै पर्दछ

सहेकै हुन्छ मौसमी पीडा एकलै भएर
बगेकै हुन्छ नसके पनि दुःख धेर सहेर
कलिलो घामले मुस्कान छर्दा हाँसेभैँ लाग्दछ
प्रकृतिसँग गहिरो माया गाँसेभैँ लाग्दछ

■■

# बाँचुन्जेल पनि

थाहा हुन्न वायु के हो बाँचुन्जेल पनि
जब वायु पस्न छोड्छ अनि बित्छ जुनी

कोठाभित्र आकाश हुन्छ आकाशभित्र घर
आँखा चिम्ली बस्नुपर्छ हेरी वरपर
वरिपरि चलिरहन्छ वायु सधैंभरि
लिने छोड्ने गर्छन् सबै यसलाई घरीघरी

जतासुकै हुँदा पनि देख्न किन गाह्रो
एकैछिन कमी हुँदा बाँच्न हुन्छ सान्हो
प्राण बन्दै प्राणीभित्र जाने आउने गर्छ
भित्र-बाहिर गर्दागर्दै कहिले अन्तै सर्छ

सासभित्र चल्न छोडे देह लास बन्छ
सास सँगै भए मात्र देह नित्य चल्छ
प्राण भन्नु सास नै हो हाडमासु हैन
हाडमासु गले पनि प्राण केही हुन्न

■■

# आँसुको थोपा नझार

आँसुको थोपा नझार भुइँमा दुख भो भनेर
हाँसेरै बाँच्नुपर्दछ सबले दुखलाई सहेर

बाहिरी पीडा अरूले देख्लान् देखिन्न भित्रको
सक्दैन पस्न अरूले भित्र बस्ने त भित्रै हो
सबैको हित सोचेर बाँच्ने यो बानी बसालौं
अरूको पीडा देखेर हाँस्ने आदत सँभालौं

सबैको साझा धर्ती हो हाम्रो बसौं है मिलेर
सबैको सामु हाँसेर बाँचौं फूलझैं खिलेर
आफैंमा हामी फुटेको देख्दा अरूले के गन्ला
आजका हामी बिग्रियौं भने भोलिले के भन्ला

नराम्रो काम नथालौ आज सन्तान रुनेछन्
पुर्खाको नाम बेचेर खान तयार हुनेछन्
आजका हामी हुनेछौं लास भोलिको बिहान
हामीले गल्ती गरेर गए खोज्नेछन् चिहान

■■

# भूल गरेका भए

हामीले भूल गरेका भए सुधार्नै पर्छ यो
अरूले भूल गरेका भए सम्झाउनै पर्ने भो
सबैको यौटै बनाई लक्ष्य अगाडि बढौ है
हातमा हात समाई हामी शिखरमा पुगौं है !

धर्तीले कोल्टे फेरेमा हामी रोएर बस्नेछौं
विचार हाम्रो नभए राम्रो भासमा फस्नेछौं
अरूको हात समाउन खोजे दिँदैनन् कसैले
दिएमा हात फस्नेछन् आफैं दिँदैनन् त्यसैले

पुऱ्याई सोच हिँडेमा हामी फस्दैनौ कहिल्यै
भोलिको पुस्ता के भन्छ होला सोचौं है अहिल्यै
हामीले आगो बालेर छाडेर संसार डढ्नेछ
हामीले पानी हालेर छाडे संसार अड्नेछ

■■

# आकाशै बोकिन्छ

दरिलो गरी पाइला टेके आकाशै बोकिन्छ
पहाडजस्तै भएर अडे हावा नै रोकिन्छ

अठोट दृढ लिनु नै पर्छ क्यै काम गर्नलाई
प्रेरणा दिने हुनु नै पर्छ अगाडि बढ्नलाई
नगरी केही पाइँदैन यहाँ गर्नु नै पर्दछ
पाइन्छ पक्कै गरेमा केही गर्नुचैं पर्दछ

अरूको हानि नगरीकनै काम गर्नुपर्दछ
आफन्त जस्तै सबैलाई ठानी स्वीकार्नुपर्दछ
अगाडि बाटो हेरेर हिँडे राम्ररी पुगिन्छ
नहेरी बाटो हिँडेमा पक्कै खाल्टोमा खसिन्छ ।

■■

# हातभरि ठेला उठे

हातभरि ठेला उठे खेतबारीमा खन्दा
आधा जीवन बितिसक्यो पैसापैसा भन्दा

वर्षभरि खट्दा पनि छ महिनालाई ठिक्क
जे गरे नि नहुँदा त लाग्छ साह्रै दिक्क
छोराछोरी धेरै बढे खेत बढेको छैन
घरका दुःख देख्दा खेरि मन अडेको छैन

विदेशतिर जाऊँ त भने छोराछोरी सानै
दुःख पाई बस्लान् फेरि नपाएर खानै
ढिकीजाँतो ज्याला गर्दै बाँच्दै गर्नुपर्ला
सकेसम्म गाउँमै बस्छु जेजे पर्ला पर्ला

भरिसक्के पूरै ख्वाउँला नसकेमा आधा
राम्रै लुगा लगाइदिउँला अन्त कतै जाँदा
घरमा हाँसो बाँड्न सके राम्रै हुन्थ्यो होला
खाली हातले जाने नै हो मानिसको चोला

■■

# बुझ्नै सकिनँ

कस्तो कुरा गऱ्यौ तिम्ले बुझ्नै सकिनँ
कस्तो कसम ख्वायौ तिम्ले भुल्नै सकिनँ

मन परेको वस्तु थियो कता लुकायौ
नलुकाको भएदेखि पक्कै छकायौ
सबैतिर खोजें मैले कतै भेटिन
चारैतिर हेरें मैले कतै देखिनँ

नौलो वस्तु भएदेखि चिन्न गाह्रो हुन्थ्यो
नौलो ठाउँ भए पनि भेट्न गाह्रो हुन्थ्यो
ठाउँ वस्तु पुरानै हुन् नौलो कुनै छैन
नभेटिनुपर्ने कुनै कारण पनि छैन

दृष्टिकोण भनौं भने यस्तो हुँदै होइन
नशा लाग्यो भनौं भने त्यस्तो छुँदै छोइनँ
भूल तिम्रो भए पनि सच्याउनै पर्छ
कतै अल्झिएको वस्तु देखाउनै पर्छ

■■

# सकेसम्म

बादल भित्र आफैं हराऊ
मनभित्र आकाश अटाऊ

सकेसम्म सँगै जाऊ
नसकेमा एक्लै जाऊ
पुगेसम्म बाँडी खाऊ
नपुगेमा एक्लै खाऊ

सके धेरै हात मिलाऊ
चढ्दै-चढ्दै माथि जाऊ
सेतो हिउँको लुगा लाऊ
हिउँ फोरेर पानी ल्याऊ

खुला आकाश हेरी आऊ
उड्दै-उड्दै बादल समाऊ
बादलसँगै मीत लाऊ
माया प्रेमको भाव जगाऊ

■■

# धर्ती जति जोडे पनि

धर्ती जति जोडे पनि सुख मिल्ने छैन
सिङ्गै धर्ती सबैको हो आफ्नो हुँदै हैन
कसले कति गरिसक्ने कुनै सीमा छैन
जति चीज जोडे पनि जाने केही हैन

तिम्रो-मेरो भन्दाभन्दै दिन बितिजान्छ
आफ्नै मिति पुगेपछि सबै छोडिजान्छ
अरूलाई दुःख दिई कमाएको भन्दा
यसै बस्नु जाति हुन्छ हुन्न केही धन्दा

सुखै पाउने आसा बोकी कतातिर धाउँछौ
आफैंभित्र सुख मिल्छ किन दुःख पाउँछौ
जतासुकै पुगे पनि सुख मिल्ने छैन
दुःख सबै साथै हुन्छ छोडी जाने छैन

मनको पीरले आफैँलाई जलाएर राख्छ
कति कुरा आफैँ भित्र सुषुप्त भै राख्छ
इच्छा जति तान्दै गयो उति लामो हुन्छ
खुम्च्याउँदै गयो भने त्यही सानो हुन्छ ।

■■

# तल झरिसक्यौ

माथिबाट गुड्दै गुड्दै तल झरिसक्यौ
जान्दाजान्दै धेरै कुरा गल्ती गरिसक्यौ

जे छ त्यही देखाउँदा रिसाएर हिँड्छौ
सत्य कुरा सुन्ने बानी बिर्सिएझैँ गर्छौ
यस्तै गरी हिँड्यौ भने राम्रो हुने छैन
सधैँभरि एक्लै हुन्छौ साथी मिल्ने छैन

अरूलाई राम्रो देख्ने बानी तिम्रो छैन
आफू मात्रै राम्रो ठान्ने बानी राम्रो हैन
राम्रो कुरा जसको पनि राम्रै ठान्ने गरौँ
धैर्यसाथ राम्रा कुरा सुन्ने बानी पारौँ

बोक्राभन्दा गुदीलाई ध्यान दिने गरौँ
गुदीभित्र बियाँ हुन्छ भन्ने पनि बुझौँ
हल्ला गरी हिड्यौ भने मतो मिल्ने छैन
मतो मिल्न नसकेमा केही हुने छैन

■■

# केको लागि बोझ

केको लागि बोझ बोक्छौ दुःख गरीगरी
कसको लागि आँसु झाछौं सुँक्क गरीगरी

डोकोनाम्लो घाँस-स्याउला गर्दै कति बस्ने
वर्षैभरि पेट भोकै घुँडा कति धस्ने !
सबै मिली साझा दुःख अन्त्य गर्नै पर्छ
सबको लागि साझा बत्ती आज बाल्नै पर्छ

आजभोलि भन्दाभन्दै दिन बितिसक्छ
बूढो हुँदा हातकै लट्ठी पनि टुटिसक्छ
साझा लक्ष्य लिई बढौं काम पूरा हुन्छ
सही काम गर्दै जाँदा कसले बाटो थुन्छ

अर्कालाई दुःख दिने कार्य गर्नु हुन्न
आफैं मात्र मोज गर्ने बानी गर्नु हुन्न
आफू साझा बन्न सके सबै आफ्ना हुन्छन्
आफूबाटै शत्रुमित्रु हाँस्छन् अनि रुन्छन्

■■

# सम्झे सबै आफ्नै

आँपको रूखमा आँपै फल्छ
धानको बाटमा धान
काँसघारीमा काँसै हुन्छ
पानबारीमा पान

बेलघारीमा बेलै मिल्छ
बाँस घारीमा बाँस
टाढा सम्झे टाढै हुन्छ
नजिक सम्झे साथ

धान रोपे धानै फल्छ
मास रोपे मास
सास हुँदा आसै हुन्छ
नत्र हुन्छ लास

वर सम्झे वर हुन्छ
नसम्झेमा पर
सम्झे सबै आफ्नै हुन्छन्
आफ्नो को पो छ र !

मीठो बोले बोली हुन्छ
नत्र गोली हुन्छ
आजलाई बिर्सिदिए
भोलि रित्तो हुन्छ

■■

# जति माया गरे पनि

जति झरी परे पनि ढुङ्गा भिजेन
जति माया गरे पनि माया पुगेन

डोरी जति बाटे पनि गाँठो यौटै भो
मान्छे फरक भए पनि बाटो यौटै हो
छोटो बाटो हिँड्दासम्म सबै नजिक छन्
लामो बाटो हिँड्या भने टाढै लाग्दछन्

बाटो छान्न जान्यो भने दुःख हुन्नथ्यो
सही बाटो हिँड्यो भने काँडा छुन्नथ्यो
उज्यालोमा हिँड्दासम्म दुःख रहेन
सकेसम्म अँध्यारोमा हिँड्न भएन

बादल लाग्दा दिउँसो पनि अँध्यारोझैं छ
जून लाग्दा रातमा पनि उज्यालो नै छ
जूनघाम लागेसम्म डर के भो र
सधैँभरि जूनघामको भर के छ र !

■■

# सँगै हिँड्ने साथीहरू

सँगै हिँड्ने साथीहरू कताकता पुगे
पछि पर्ने साथीहरू पछिल्तिरै लुके

अघि बढ्न चाहनेले अल्छी गर्न हुन्न
अल्छी गर्दा कुनै पनि कार्य सिद्ध हुन्न
अघि बढ्न चाहनेको बाटो आफैँ खुल्छ
सधैँभरि सफलताको शिखर माथि पुग्छ

मार्गबीच आउने बाधा आफैँ टर्ने गर्छ
बाधासँग लड्ने आँट आफैँ गर्नुपर्छ
लक्ष्यलाई केन्द्र पारी अगि बढ्नुपर्छ
लक्ष्य पूरा गरिछाड्ने आँट गर्नुपर्छ

सानातिना प्राप्तिबाट केको दङ्ग पर्ने
जस्तै दुःख आउँदा पनि किन तल झर्ने
सोची सम्झी काम गरे पक्कै राम्रो हुन्छ
शीतल छाया दिँदै हावा वरिपरि घुम्छ

■■

# आजभोलि हाम्री आमा

आजभोलि हाम्री आमा रुन्छिन् दिनदिन
जीउ सारा शिथिलभैँ छ घटिन् दिनदिन

छोराछोरी हुर्काउँदैमा खपिन् घामपानी
गाउँबेंसी गर्दागर्दै बित्यो जिन्दगानी
आफ्नै प्राण बोक्न पनि गाह्रो भ'को हो कि
आफ्नै स्वास लिंदा पनि लाग्न थाल्यो खोकी

कैलेकाहीँ ज्वरो आउँछ, कैले दुख्छ पेट
आफ्नै घरको छेउमा पनि लागिदिन्छ ठेस
पैलेपैले छिमेकीले राम्री भनी मान्थे
टोलभरिमा जान्ने भनी अर्ती-ज्ञान लिन्थे

आँटो पीठो साटी खान्थे छिमेकीले सधैँ
हाँसी खेली रमाएर मिली बस्थे सधैँ
आज भोलि कति जना पराईजस्ता भए
किनकिन उनीहरू आफैँ टाढा भए

■■

# आमालाई सुखी राखौँ

घरमा राम्रो मिल्ती छैन भाइभाइ लड्छन्
कुनै भाइ खुट्टा तान्छन्, कुनै बुई चढ्छन्
पेट भर्ने अन्न छैन, लाउने वस्त्र छैन
खेतबारी बाँझै भए गर्ने मान्छे छैन

लाखापाखा लागिसके गर्न सक्ने जति
लड्दालड्दै मरिसके दाजुभाइ कति
जस्तो चोट परे पनि आमालाई नै पर्‍यो
आफ्नी आमा रुवाउन मान्छे अघि सर्‍यो

आमालाई दुःख दिए दुःखै मात्र मिल्छ
आमालाई सुख दिए सुखैसुख फल्छ
मिली सबै खुसी राखौँ आफ्नी आमालाई
सधैँभरि मिली बसौँ सबै भाइभाइ।

■■

# पाउन सकिन्न

एकै ठाउँमा सबै चीज पाउन सकिन्न
सबैसँग मनका कुरा गाउन सकिन्न

गारो सबै ढलेपछि छाउनु कसरी
शब्द सबै भुलेपछि गाउनु कसरी
मनको तार टुटेपछि जोड्नु कता हो
साथी थियो आँसु आफ्नै त्यही टाढा गो
मनको दुःख सबैलाई पोख्न सकिन्न
मृत्युपछि आफ्नै देह बोक्न सकिन्न

हुने कुरा भइ छाड्छ रोकूँन कहाँ गै
बनेपछि इतिहास मेटूँ कहाँ खै !
भावनाका सबै कुरा लेख्न गाह्रो छ
चाहे पनि सबै कुरा बाँड्न साह्रो छ
पाल्नै पर्ने कुरा पनि पाल्न सकिन्न
फाल्नै पर्ने कुरा पनि फाल्न सकिन्न

■■

# यस्तो लाग्यो

यस्तो लाग्यो, के लाग्यो !
माथिबाट तल हेर्दा सबै सम्म लाग्यो
आफू पारि तरेपछि खोला सानो लाग्यो

पाकेटभरि पैसा हुँदा भोक भयो टाढा
जवानीको उमेर नाघ्दा रोग भयो गाढा
कालो चस्मा लगाएर सेतो देख्न खोज्छन्
सानै पाउने टुङ्गो छैन ठूला किन ताक्छन् !
आफू कुद्न सकेसम्म बाटो छोटो लाग्यो
भित्रभित्र उसैप्रति माया पनि जाग्यो

आफूबाट गल्ती भए ढाकिराख्नुपर्छ
अरूबाट गल्ती भए टुक्री बस्नुपर्छ
कैलेसम्म यस्तो सोच लिई हिँड्ने होला
यस्तो गरी बाँच्ने हो त मानिसको चोला ?
आफूसँग केही हुँदा सबै आफ्नै लाग्यो
छैन केही आफूसँग सबै टाढा भाग्यो

■■

# हिँड्दाहिँड्दै

लामै बाटो हिँडिसकेँ कति होला बाँकी
सँगै हिँड्ने थाकिसके कति खोज्नु साथी !

ढिलो हिँड्नेहरू पनि हिँड्दा ठाउँमा पुग्छन्
हिँड्नुपर्छ हिँड्न छाड्नेहरू पक्कै चुक्छन्
ढिलो चाँडो सबै पुग्छन् सत्य कुरा के हो
जताबाट हिँडे पनि पुग्ने ठाउँ त्यै हो

सधैँभरि एकै ठाउँमा बस्न मिल्ने हैन
एकै ठाउँमा बस्दा पनि सुख मिल्ने छैन
कतिसम्म कुरी बस्ने बाटो हेरीहेरी
आफ्ना भन्ने कता गए भेटिँदैनन् फेरि !

नचिनेको ठाउँ पुग्दा केके हुने होला
त्यहाँ गई आफू बस्न कस्तो ठाउँ होला
यस्तै-यस्तै हुँदै जाने मानिसको चोला
आज भन्न सकिन्न क्यै भोलि कस्तो होला !

■■

# गुराँसको फूल शिरमा स्यूरी

छेउमा बस्दा रिँगटा लाग्ला माझैमा बसिदेऊ
भुइँमा झर्ला पोल्टाको खाजा राम्ररी कसिदेऊ

नजिक बस्दा नराम्रो लाग्ला टाढा नै बसे है
चौबन्दी चोली रेसमी सारी राम्ररी कसे है !

हँसिलो मुहार हेरूँझैं लाग्छ नजिक नै आइनौ
लेक र बेसी बिउँझाउने गीत कहिल्यै गाइनौ

गुराँसको फूल शिरमा स्यूरी मुसुक्क हाँसिदेऊ
सिम्रिके रङ्गको बाटुलो टीका निधारमा टाँसिदेऊ

बनाउन खोज्यौ संसार राम्रो खै कहाँ बनायौ ?
रमाउन खोज्यौ आफैंमा तिमी खै कहाँ रमायौ ?

फुलेको फूल जोगाउन खोज्यौ जोगाउनै सकिनौ
आँखाको आँसु लुकाउन खोज्यौ लुकाउनै सकिनौ

सबैको लागि बाँच्छ यो जीवन त्यसैमा रमाइदेऊ
सपनाभित्र बिपना गाँसी फूलमा सजाइदेऊ

■■

# आफ्नै खुट्टा नटेकिए

यौटा खुट्टा पानीमुनि अर्को खुट्टा ढुङ्गामाथि
आफ्नै खुट्टा नटेकिए कस्तो होला साथी !

दाजु देखे पर भाग्छन्, भाइ देखे डाक्छन्
ठूलो माछा समाउनलाई झिँगे बल्छी थाप्छन्
हिउँदमा घुम ओढ्छन्, वर्षा लाग्दा रुज्छन्
गाउँबेसी नफर्कने मूलबाटामा कुद्छन्

घरको कुरा चर्को गरी अर्कोलाई भन्छन्
बर्को ओढी अर्को आए लर्को उतै लाग्छन्
सुल्टो गरी हिँड्न छोडी उल्टापट्टि हिँड्छन्
आफन्तको साथ छोडी बिब्ल्याँटोमा कुद्छन्

साथ दिने साथीलाई लात हान्ने कस्तो
काख दिने आमालाई हात हालेजस्तो
नबिर्सिनु पर्ने कुरा सबै बिर्सिदिन्छन्
राम्रो शिक्षा सही कुरा कसले भनिदिन्छन् !

■■

# छोरीको बह

कस्तो हो जन्म पाएको
रिनैमा मात्र खाएको
कैले तिरिसक्ने हो
कति दुःख खप्ने हो !

नारी जाति भएर
बस्नै पर्ने सहेर
जन्मघर छाडेर
सातै डाँडा काटेर

बाँच्नै पर्ने रोएर
हातपाउ धोएर
टुहुरीझैं भएर
नौलो ठाउँ गएर

आफ्नो खुसी छाडेर
सुख दुवै बाँडेर
आँसु आफैं साँचेर
बोल्नै पर्ने हाँसेर !

सुनिन्न खुसीले गाएको
देखिन्न हाँसी आएको
छोरा र छोरी एकै हुन्
खै कल्ले चाल पाएको !

■■

# वर्षाको भेल

वर्षाको भेल उर्लेर आउँदा रोकेर रोकिन्न
फलामे बार लगाए पनि छेकेर छेकिन्न

निठुरी बनी लछार्दै लान्छ सुन्दर फूल पनि
बिर्सेझैं गर्छ आफन्तलाई जन्मेको मूल पनि
आफ्नो र अर्को नबुझीकन गर्दै छ मनपरी
ढुङ्गा र मुढा बगाई लान्छ दिन र रातभरि

भेलमा बग्ने धमिलो पानी कसैले पिउँदैन
धमिलो पानी पिएमा फेरि मानिस जिउँदैन
प्रकृति आफैं रमाएजस्तो लाग्दछ खेलेर
नआए भेल धर्तीको छाती आउन्न फुलेर

रोकिँदा भेल सकिन्छ खेल लुका र मारीको
आकाश खुला भएझैं लाग्छ पहाडपारिको
दिन र रात बिहानी साँझ नौलोझैं लाग्दछ
सृष्टिको लागि मनमा अर्कै भावना जाग्दछ

■■

# दूध र घिउ

दूधबाटै बन्यो नौनी घिउ मिल्दैन दूधमा
कसरी हो भयो भिन्न आउन्न सूझबूझमा
घिउ हो दूधको सारै स्रोत हो घिउको पय
दूधमा घिउ घुल्दैन हुँदैन कहिल्यै लय

दूधबाट दही बन्दा दहीमै घिउ सर्दछ
दहीबाट घिउ झिक्दा निकै नै श्रम पर्दछ
दहीलाई मथे मात्र घिउ निस्कन्छ बच्तछ
दुवैको साथ छोडेर घिउ अलग बस्दछ

दूधमा घिउ देखिन्न कसरी मिली बस्दछ
घिउ भित्र पनि स्वाद दूधकै किन पस्दछ
सम्बन्ध किन भो यस्तो बुझ्ने हो कसले अनि
खोजीकै निम्तिमा मान्छे जुट्नुपर्छ भरे पनि

दूधमा दूध नै मिल्छ घिउमा घिउ मिल्दछ
वृक्षमा बीउ नै फल्छ बीउमा वृक्ष फुल्दछ
माटाका देह यो हाम्रो माटामै गई मिल्दछ
माटामाथि रहेसम्म खुसी भैकन खिल्दछ

देह हो विश्वको रुप विश्वमा हेर व्याप्त छ
देहको अन्त्यले विश्व शून्य नै भित्र अट्तछ
शून्यभित्र अटाएको विश्व शून्य गराउँछ
शून्यमा थपिंदा शून्य सबै शून्य हराउँछ ।

■■

# आज रित्तिएछु

हिजोसम्म भरी थिएँ आज रित्तिएछु
अर्कालाई खुसी पार्दा आफैं सिद्धिएछु

आफूभित्र गुदी हुँदा सबको जाती थिएँ
सबै मलाई साथ लिन्थे साथी सबको थिएँ
हिजोसम्म महलमा सजिएर बस्थें
सबैको मन लोभ्याएर ठाँटिएर बस्थें

आज मलाई हुत्त्याएर सडकमा फाले
बेकामको वस्तु ठानी कन्टेनरमा हाले
कुच्चिएर आफ्नो रूप नचिनिने भयो
भरिलो त्यो अनुहार आज कता गयो !

■■

# पारि जान सकिएन

पारि जान मन लाग्दा
जानै सकिएन
सधैं तर्ने खोला थियो
तर्नै सकिएन

सधैं गर्ने कार्य पनि गर्नै सकिएन
आफूभन्दा प्यारो वस्तु सार्नै सकिएन

मेरो शक्ति कता गयो
केही थाहा छैन
विनाशक्ति बाँच्न यहाँ
कुनै अर्थ छैन

मनको कुरा मनमै राखी कति दिन बाँचौं
परेलीमा आँसु बोकी कति दिन हाँसौं !

■■

# चोट लागेपछि

लागेपछि चोट
सुक्दो रैछ ओठ
कहाँ गयो जोस
बल्ल आयो होस

साथी छुटेपछि
आशा टुटेपछि
दुःख कति-कति
आँसु झऱ्यो अति

बगेको त्यो खोला
पर्खिंदैन होला
बितेको त्यो बेला
फर्किंदैन होला

सबै जाने तर्की
नहेर्ने क्वै फर्की
फाटिसक्यो धर्ती
कसले देला अर्ती !

बोकेपछि झोला
जेजे हुन्छ होला
सके तर्छु खोला
गए जान्छ चोला ।

■■

# आफ्नै आँगनभरि

पैले मीठो घाम लाग्थ्यो आफ्नै आँगनभरि
परेवाले चारा चर्थे त्यतै वरिपरि

घरछेउको चौर पनि कति राम्रो थियो
साथीभाइ जम्मा भई खेल्थ्यौं डन्डीबियो
दसैं-तिहार आउँदा कति रमाइलो लाग्थ्यो
द्यौसी भैलो खेल्दाखेल्दै सबै दुःख भाग्थ्यो

आज कतै केही छैन शून्य भयो गाऊँ
मेरा साथीसँगिनीलाई खोज्न कता जाऊँ
गोठाला ती कहाँ गए चौतारी छ खाली
बगैंचामा सिस्नु उम्रे कहाँ गए माली !

गाई चर्ने जङ्गल पनि उजाडझैं लाग्छ
घाँसीहरू जङ्गल जान छोडेजस्तै लाग्छ

डाँफे मजुर नाच्ने वन किन यस्तो भयो
ऐसेलु र काफलको बोट किन ढढिगयो !

आँखाबाट आँसु झर्छ यस्तो देख्दा खेरि
जिन्दगीमा हेर्ने दिन नआओस् है फेरि !

■■

# यस्तो हुँदा

दाग लागे मुहारमा धुनै पर्ने हुन्छ
नबुझेर काम गर्दा रुनै पर्ने हुन्छ
जति सँगै हिँडे पनि छुट्नै पर्ने हुन्छ
नरोकिने आँसु पनि पुछ्नै पर्ने हुन्छ

मन उज्यालो हुँदा सबै उज्यालो नै लाग्छ
जस्तो रङको चस्मा लायो सबै उस्तै लाग्छ
जतासुकै हिँड्यो भने बास भेटिँदैन
आफन्तले छोडेपछि सास रोकिँदैन

नसोचेका कुरा पनि भोग्नै पर्दो रै'छ
सोच्नै गाह्रो दृश्य पनि हेर्नै पर्दो रै'छ
आफ्नै घरमा बिरानोझैँ बाँच्नुपर्दो रै'छ
आँसु पनि आँखाभित्रै साँच्नुपर्दो रै'छ

■■

# झर्नै पर्दो रै'छ

सबै फूल ओइलिएर झर्नै पर्दो रै'छ
कति काम निहुरिएर गर्नै पर्दो रै'छ

मिठो बोली भित्र पनि विष हुन सक्छ
चिसो पानी खाँदा पनि मुटु जल्न सक्छ
आफ्नै घरको मजेरीमा ठेस लाग्दो रै'छ
राम्रै वस्तु खाँदा पनि पेट लाग्दो रै'छ

किनाराको छेउमै पनि डुँगा डुब्न सक्छ
तलाउको छेउमै पनि रूख सुक्न सक्छ
जस्तो गरूँ हुने कुरा भइछाड्दो रै'छ
जति रोकूँ टाढा जाने गइछाड्दो रै'छ

श्रीखण्डको बोटमा पनि सर्प लुक्न सक्छ
ममताको साथमा पनि मुटु दुख्न सक्छ
कहिलेकाहीँ आफ्नै मुटु चल्न छाड्दो रै'छ
आफ्नो छाया आफैँबाट टाढा भाग्दो रै'छ

■■

# कसको आँखा राम्रो भनूँ

कसको आँखा राम्रो भनूँ हेर्दा उस्तै लाग्छ
कसको भाखा राम्रो ठानूँ सुन्दा उस्तै लाग्छ

आफ्नै मान्छे तर्किदिँदा अर्कै जस्तो लाग्छ
हेर्ने दृष्टि फरक हुँदा वस्तु अर्कै लाग्छ
पानी पनि कहिलेकाहीँ निल्न गाह्रो हुन्छ
निल्नलाई गाह्रो हुँदा त्यही साह्रो हुन्छ

साँधी नाघे कुनै कार्य राम्रो हुने छैन
चुप लागेर बस्नु पनि राम्रो बानी हैन
नजानेर गल्ती भए माफ दिन मिल्छ
जानी जानी गल्ती गरे माफ कहाँ मिल्छ !

बर्को ओढ्ने झर्को माने न्यानो कहाँ मिल्छ
सबैलाई आफ्नो ठाने अर्को कहाँ हुन्छ
गर्न जाने कुनै कुरा गाह्रो कैल्यै हुन्न
फोड्न जाने कुनै वस्तु साह्रो पनि हुन्न

■■

# जिन्दगीमा

कति लड्नु संसारमा लड्दालड्दै थाकें
जिन्दगीमा केही गर्छु भन्दाभन्दै पाकें

उज्यालोको किरण देख्ने आशा बाँकी बाँचे
त्यै आशाको सपनीमा धेरै चोटि हाँसे
सपनीमा देखेजस्तो बिपनीमा हुन्न
सपनीमै बाँच्छु भनी भन्न पनि हुन्न

सपनीमै बाँच्न पाए कति राम्रो हुन्थ्यो
रुनसँग हाँस्न पाए भनै राम्रो हुन्थ्यो
जिन्दगीमा सबै इच्छा पूरा कैल्यै हुन्न
सबै इच्छा पूरा गर्न खोज्न पनि हुन्न

सम्झौतामा चल्नै पर्छ नत्र केही हुन्न
सम्झौतालाई आफैँबाट तोड्न पनि हुन्न
सकेसम्म सबै मिली बस्नु राम्रो हुन्छ
सँगै बसी सबै मिली हाँस्नु राम्रो हुन्छ

■■

# तिमी

तिमीभित्र मै छु, मभित्र तिमी छयौ
मेरो कल्पनाको प्रतिभा तिमी हौ
नसाभित्र मेरो रगतमा तिमी छौ
मेरो भित्र चल्ने मुटु नै तिमी हौ

मेरो श्वास-प्रश्वास सबै तिमी हौ
आँखा बनी दृष्टि दिने तिमी हौ
हाँसो पनि आँसु पनि तिमी हौ
मभित्रको शक्ति सबै तिमी हौ

जहाँ हेर्छु सबमा तिमी मात्र देख्छु
जहाँ छुन्छु सबमा तिमी मात्र भेट्छु
कतै ठाउँ छैन तिमीबाट टाढा
कुनै रङ्ग छैन तिमीभन्दा गाढा

तिमी शक्ति मेरो बनी साथ देऊ
मभित्रको कल्मष नासिदेऊ
तिमी मात्र मेरो सखी जिन्दगीको
अर्पिएँ तिमीमै पूरै ढुकढुकी यो।

■■

# पर्खें धेरै दिन

खोज्छन् आँखा दिनदिन सधैं हेर्न तिम्रो मुहार
वायुजस्तै गतिमय हुने स्नेह तिम्रो अपार
बोली सुन्दा मननिर सधैं शान्तिले बास गर्छ
यस्तै सोच्दै मन दिनदिनै प्राप्तिको आस गर्छ

देख्दा उस्तै सडक तहमा टप्प आँखा अडिन्छन्
हेर्दाहेर्दै नयन पटमा टम्म आँसु भरिन्छन्
स्वप्ना जस्तै किन हुन गयो शून्यताले सतायो
हेर्दाहेर्दै गगनतलको दीप त्यसै हरायो

पर्खें धेरै दिनहरु यता साँझ धेरै सजाएँ
तारा गन्दै गगननजिकै रात धेरै बिताएँ
लामा-लामा दिनहरू भए रात उस्तै छ लामो
न्याना-न्याना दिनहरू ढले रात बढ्दै छ जाडो

हेर्दाहेर्दै किन म यसरी आज पर्खी रहेछु
सम्झी-सम्झी किन म यसरी आज तड्पी रहेछु
बाटो उन्को फरक हुन गै साथी अर्कै भएर
हिँड्दाहिँड्दै कठिन हुन गै भो कि यस्तो अबेर !

■■

# राम्रो

धान राम्रो झुलेको
तोरी राम्रो फुलेको
आकास राम्रो खुलेको
चरी राम्रो बोलेको

मुहार राम्रो हाँसेको
डाँफे राम्रो नाचेको
प्राणी राम्रो बाँचेको
वस्तु राम्रो जाँचेको

घर राम्रो छाएको
धन राम्रो आएको
माया राम्रो पाएको
खाना राम्रो खाएको

गोरु राम्रो दाएको
गीत राम्रो गाएको
फूल राम्रो लाएको
भेट राम्रो धाएको

नदी राम्रो बगेको
स्थिति राम्रो अडेको
बोट राम्रो बढेको
गोठ राम्रो भरेको ।

■■

# खोलावारिपारि

कोही पुग्छन् खोलापारि कोही कुर्छन् वारि
तर्नै पर्दा खोला सबले पाको बाक्छन् भारी

आँट हुनेले धर्तीलाई धकेलेर हिँड्छ
आफूसामु आउने काँडा उखेलेर चुँड्छ
उकाली र ओरालीले दुःख कत्ति दिन्न
घामपानीले उसलाई कतै पनि छुन्न

साहस कमी हुने मान्छे सधैँ पछि पर्छ
भाग्यलाई दोष दिँदै रुने मात्र गर्छ
पसिनाले सिँचिएमा बाली आफैँ फल्छ
साहस बोकी कर्म गरे भाग्य आफैँ बल्छ

सिसासामु सेतो देख्न सेतै लाउन पर्छ
आफूजस्तै अर्को पाउन आफैँ बन्न पर्छ
पानी बन्न चाहनेले पग्लिनु नै पर्छ
आकाश छुन चाहनेले अग्लिनु नै पर्छ

■■

# कोही बस्छन्

कोही बस्छन् झोक्राएर कोही हिँड्छन् डुली
यत्तिकैमा शिरको केश जाने हो कि फुली !

दिनरातै फुर्सद नली खट्नै पर्ने बेला
प्रभातमै शिखर पुगी अड्नुपर्ने बेला
जीवन बग्छ पानीजस्तै केही थाहा हुन्न
बग्दासम्म थाहै हुन्न, जम्दा कोही छुन्न

आफूसँगै खेल्ने साथी कताकता पुग्दा
आफूपट्टि फर्की हेर्दा आफ्नै ओठ सुक्ला
यस्तो दिन देख्नुपर्दा कस्तो लाग्छ होला
यस्तो हुन्छ भन्ने कुरा कैले सोच्ने होला !

जीवनमा जाँगरविना केही प्राप्त हुन्न
अल्छीलाई ईश्वरले केही पनि दिन्न
आत्मशक्ति जगाएर अगि लाउनुपर्छ
आफैं लागी आफ्नो गाडी चलाउनुपर्छ

■■

# आज के भयो !

बास दिने धर्तीप्रति आस मर्न थाल्यो
काख दिने आमालाई त्रास लाग्न थाल्यो

सङ्लो बग्ने नदी पनि धमिलिन थाले
गीत गाई उड्ने चरी आज उड्न छाडे
वायुमण्डल दूषित भयो धूलोधूवाँ उडी
शिरमा फुल्ने लालीगुराँस कसले लग्यो चुँडी !

जोडी मिली हिँड्ने ढुकुर आज एक्लै भए
वनमा डुल्ने डाँफे, मुजुर कुन्नि कता गए
चौंरी गाईको गोठ पनि खालीखाली देख्छु
लालीगुराँस फुल्ने डाँडा आज खाली देख्छु

बाह्रमासे फूलको बोटमा फूलै फुल्न छोडे
रस खोज्ने माहुरीले रसै भेट्न छोडे
वसन्तको पालुवामा आज मुस्कान छैन
घुम्टोभित्र लुक्ने हिमाल आज खुसी छैन

■■